राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद शाखा)

मसुरिया देउखुरी दाङ लुम्बिनी प्रदेश नेपाल

**सूचना प्रकाशित मितिः २०७९/०४/२०**

**खुला प्रतियोगितात्मक अनुदान करार शिक्षक पदपूर्ति परीक्षा–२०७९**

राप्ती गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा बालशिक्षादेखि १० कक्षासम्म निःशुल्क शिक्षा कार्यान्वयन गर्ने कार्यका लागि विद्यालयमा अपुग हुने निम्नानुसारको सङ्ख्यामा अनुदान शिक्षक करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुका लागि यो अनुदान शिक्षक पदपूर्ति सम्बन्धी सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं | पद | तह | विषय | सङ्ख्या |
|---|---|---|---|---|
| ०००१/२०७९/८० | शिक्षक | माध्यमिक | नेपाली | ७ (सात) |
| ०००२/२०७९/८० | शिक्षक | माध्यमिक | अंग्रेजी | ६(छ) |
| ०००३/२०७९/८० | शिक्षक | माध्यमिक | गणित | ८(आठ) |
| ०००४/२०७९/८० | शिक्षक | माध्यमिक | विज्ञान | ६(छ ) |
| ०००५/२०७९/८० | शिक्षक | माध्यमिक | सामाजिक | ७ (सात) |
| ०००६/२०७९/८० | शिक्षक | आधारभूत | नेपाली | २(दुई ) |
| ०००७/२०७९/८० | शिक्षक | आधारभूत | अंग्रेजी | २(दुई ) |
| ०००८/२०७९/८० | शिक्षक | आधारभूत | गणित | २(दुई ) |
| ०००९/२०७९/८० | शिक्षक | आधारभूत | विज्ञान | २(दुई ) |
| ००१०/२०७९/८० | शिक्षक | आधारभूत | सामाजिक | २(दुई ) |
| ००११/२०७९/८० | शिक्षक | आधारभूत | कम्प्युटर | ३(तीन) |
| ००१२/२०७९/८० | शिक्षक | प्राथमिक | | ३(तीन) |
| कुल जम्मा | | | | ५०(पचास) |

**१. परीक्षाको किसिमः** लिखित, अन्तरवार्ता र आवश्यक विषयमा हकमा प्रयोगात्मक परीक्षा ।

परीक्षा समयतालिकाः

| क.स. | लिखित परीक्षा | मिति | समय |
|---|---|---|---|
| १ | लिखित (सामान्य परीक्षा) प्राथमिक तह | २०७९/०४/३१ | विहान ८:०० बजे |
| २ | लिखित (सामान्य परीक्षा) आधारभूत तह | २०७९/०४/३१ | दिउँसो १२:०० बजे |
| ३ | लिखित (सामान्य परीक्षा) माध्यमिक तह | २०७९/०४/३१ | दिउँसो ४:०० बजे |
| ४ | लिखित परीक्षा विषयगत | सामान्य परीक्षाको नतिजा प्रकाशनको दिन प्रकाशन गरिनेछ | |

**२. दरखास्त दस्तुरः** प्रत्येक विज्ञापनको लागि दरखास्त दस्तुर माध्यमिक तहको हकमा प्रति विषय, रु. १०००।–,आधारभूत तहको हकमा प्रति विषय रकम रु. ७०० र प्राथमिक तहको हकमा रकम रु. ५००।– का दरले हुन आउने दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।

CS CamScanner

राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद शाखा)

मसुरिया देउखुरी दाङ लुम्बिनी प्रदेश नेपाल

३. दरखास्त दस्तुर बुझाउने विधि र स्थानः खातावालाको नाम ठेगानाः ग १.१. आन्तरिक राजश्व खाता राप्ती गा.पा. , खाता नं ०१५४००००२६८५२४, बैंकको नामः बैंक अफ काठमाडौं लिमिटेड भालुवाङ शाखा वा गाउँपालिका राजश्व शाखामा बुझाउनु पर्नेछ ।

**४.दरखास्त फाराम पाउनेः** राप्ती गाउँपालिकाको कार्यालय वा www.raptimundang.gov.np वाट डाउनलोड गरी प्राप्त गर्न सकिन्छ ।

**५.दरखास्त दिने अन्तिम मितिः** २०७९/०४/२७ कार्यालय समयभित्र

**६.दोब्बर दस्तुर बुझाई दरखास्त दिने मितिः** २०७९/०४/२९

**७. शिक्षक पदमा रहि गर्नुपर्ने कामको विवरणः** गाउँपालिका तथा विद्यालयले तोकेका सम्वन्धित विषयको पठनपाठन र अन्य आवश्यक कार्यहरु ।

**८. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः**

क. नेपाली नागरिक,

ख. उम्मेदवारको उमेरको हदः दरखास्त दिने अन्तिम दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको । राप्ती गाउँपालिकाभित्रका विद्यालयहरुमा विद्यालयको आन्तरिक स्रोत गरी तलब सुविधा लिने गरी नियुक्ति भएका शिक्षकहरुको हकमा पहिलो पटक ( प्रकाशित विज्ञापन) लाई गाउँपालिकाबाट सामुदायिक विद्यालयमा बालशिक्षादेखि १० कक्षासम्म निःशुल्क शिक्षा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७९ को अधिनमा रहि उमेरको हद नलाग्ने तथा राप्ती गाउँपालिकाको गाउँपालिका अनुदानबाट तलब सुविधा लिने गरी नियुक्ति पाएका शिक्षकहरुको हकमा उमेरको हद नलाग्ने ।

ग. मगज नविग्रेको

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

ङ. भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त नगरिएको,

च.(१) माध्यमिक तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको तर विज्ञान र कम्प्युटर विषयमा हाललाई यस प्रकारको तालिम नलिए पनि हुनेछ ।

(२) माध्यमिक तहको अन्य विषयको हकमा स्थायी अध्यापन अनुमति प्राप्त गरेको तथा विज्ञान विषयको हकमा हाललाई स्थायी अध्यापन अनुमति प्राप्त नभए पनि हुने त्यस्ता उम्मेदारले पाँच वर्षभित्र स्थायी अध्यापन अनुमतिपत्र लिई सक्नुपर्ने अन्यथा अर्थ नलागेमा उक्त अवधीमा स्थायी अध्यापन अनुमति प्राप्त नगरेमा त्यसरी नियुक्त भएका शिक्षकको उक्त पद स्वतः रिक्त भएको मानिने,

CamScanner

छ.(१) आधारभूत तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा माध्यमिक शिक्षा उर्त्तीण परीक्षा -कक्षा १२) वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उर्त्तीण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको । कम्प्युटर विषयको हकमा (२)मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उर्त्तीण परीक्षा -कक्षा १२) वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उर्त्तीण गरी कम्तिमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको । तर कुनै उम्मेदवारले २०० पूर्णाङ्कको शिक्षा विषय लिई माध्यमिक शिक्षा उर्त्तीण परीक्षा (कक्षा १२) वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उर्त्तीण गरेका भए तालिम प्राप्त गरेको मानिनेछ ।

(३) सामाजिक विषय अन्तरगत अर्थशास्त्र, जनसंख्या, इतिहास, ग्रामिण विकास, भूगोल, नागरिकशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र, नीतिशास्त्र, मनोविज्ञान, मानवशास्त्र, स्वास्थ्य तथा शारीरिक शिक्षा विषयहरु पर्नेछन् ।

(४) गणित विषयको हकमा भौतिक विज्ञान विषयमा कम्तिमा २०० पूर्णाङ्क लिई उर्त्तीण भएको हुनुपर्नेछ ।

(५)आधारभूत तहको अन्य विषयको हकमा स्थायी अध्यापन अनुमति प्राप्त तथा कम्प्युटर र विज्ञान विषयको हकमा हाललाई स्थायी अध्यापन अनुमति प्राप्त नभए पनि हुने त्यस्ता उम्मेदारले पाँच वर्षभित्र स्थायी अध्यापन अनुमतिपत्र लिई सक्नुपर्ने अन्यथा अर्थ नलागेमा उक्त अवधीमा स्थायी अध्यापन अनुमति प्राप्त नगरेमा त्यसरी नियुक्त भएका शिक्षकको उक्त पद स्वत: रिक्त भएको मानिने,

ज. प्राथमिक तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उर्त्तीण परीक्षा ( कक्षा १२) वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उर्त्तीण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको । स्थायी अध्यापन अनुमति प्राप्त भएको ।

**९. स्थायी अध्यापन अनुमति पत्र सम्बन्धि थप व्यवस्था:**

९.१. सम्बन्धित तहको लागि आवश्यक पर्ने योग्यता हासिल गरी विषय नखुलेको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेका व्यक्ति समेत सम्बन्धित विषयमा उम्मेदवार हुन सक्नेछन् ।

९.२. विषयगत स्थायी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति सम्बन्धित विषयमा मात्र उम्मेदवार हुन सक्नेछन् ।

९.३. सम्बन्धित विषयमा योग्यता हासिल गरी सामाजिक विषयको अध्यापन अनुमति प्राप्त गरेका व्यक्तिहरु यस विज्ञापन बमोजिम सम्बन्धित विषयमा समावेश हुन सक्नेछन् ।

९.४. संस्कृत विषयहरु( भाषा, शुक्लयजुर्वेद, व्याकरण,न्याय, र साहित्य) को हकमा नेपाली विषयमा स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेका व्यक्ति समेत उम्मेदवार हुन सक्नेछन् ।

**१०. दरखास्त फारामसहित पेश गर्नुपर्ने कागजातहरु:**

CamScanner

राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद शाखा)

मसुरिया देउखुरी दाङ लुम्बिनी प्रदेश नेपाल

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी

२. हालसालै खिचिएको २ प्रति पासपोर्ट साइजको फोटो

३. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी,

४.न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र,चारित्रिक प्रमाणपत्र, मूल प्रमाणपत्र, ट्रान्सक्रिप्ट, तालिमका प्रमाणपत्र,

५. गाउँपालिकाभित्रका विद्यालयमा कार्यरत आन्तरिक स्रोतबाट तलब सुविधा लिने गरी नियुक्ति पाएका शिक्षक र गाउँपालिका अनुदान शिक्षकको हकमा विद्यालयले दिएको नियुक्तिपत्रको प्रतिलिपी र विद्यालयले गरेको सेवा प्रमाणित पत्र, तथा अन्य आवश्यक कागजात

**११. विज्ञापन सम्बन्धी थप जानकारी:**

क) दोब्बर दस्तुरको समायवधिलाई उमेर,शैक्षिक योग्यता र तालिम प्रयोजनको लागि गणना गरिने छैन ।

ख) तोकिएको म्यादभित्र पेश नभएको वा न्यूतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेको दरखास्त स्वीकृत गरिनेछैन ।

ग) कुनै उम्मेदवारले झुट्टा विवरण( कागजात) पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त जुनसुकै बखत रद्द गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

घ) विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

**१२ पाठ्यकम:** शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रममा आधारित भई परीक्षा सञ्चालन गरिनेछ ।

१३. **तलब लगायतको सुविधा:** प्राथमिक तहको हकमा प्रति महिना २३०००।–, आधारभूत तहको प्रति महिना २५०००।– र माध्यमिक तहको ३०५००।– प्रति महिना र चाडपर्व खर्च तथा पोशाकभत्ता सुविधा प्रदान गरिनेछ ।

पदपूर्ति समिति<br>राप्ती गाउँपालिका

CamScanner